श्री गणेशाय नमः सरस्वत्यै नमः
सृष्टितो गताब्दा १९५५८८९१२६
श्री शालिवाहनीय शाके १९४७

श्री पशुपतिनाथाय नमः श्री बैश्वानर देव्याय नमः
कलेर्गताब्दा ५१२६ इसबीय सन् २०२५/२०२६
श्री नेपाल संम्वत् ११४५/११४६

नेपाल देशीय समय स्वीकृत

ज्वाला पञ्चाङ्गम्

विफलान्यन्यशास्त्राणी विवादस्तोषु केवलम् ।
सफलं ज्योतिषं शास्त्र चन्द्राकौं यत्र साक्षिणौ ।।

ग्रहा राज्यं प्रयच्छन्ति ग्रहा राज्यं हरन्ति च ।
ग्रहैर्व्याप्तमिदं सर्व त्रैलोक्यं सचराचरम् ।।

राजा  सूर्य



मन्त्री  चन्द्रमा

पञ्चाङ्ग गणनाविद्
पञ्चकोशी वैश्वानर दैलेख, दुल्लू वाहाचौर
ग्रामे निवासिन मु.ज्यो. स्व. हरिप्रसाद तनुज

ज्यो.पं. गङ्गाप्रसाद ढुङ्गाना
(कुल क्रमागत गणित फलित ज्योतिष)
पञ्चाङ्ग कार्यालयः
ज्वाला ज्योतिषालय
शंखमुल, काठमाडौं, विरेन्द्रनगर-१, सुर्खेत, नेपाल
सम्पर्कः ९८४८२९३८३६

ज्यो प
श्री गगाप्रसाद
२०६०

नेत्राष्ट भ्रनेत्र २०८२ मितविक्रमाब्दस्य
सिद्धार्थ नाम सम्बत्सर (५३)
व्रतपर्वादिभिः समलङ्कृतम् ।

प्रकाशकः ज्वाला प्रकाशन, काठमाडौं
डिजाईन : समर्पण पन्त

प्रविधिक कारणले मूल्य निधारण गर्नैपर्ने भएकोले सहयोगको लागि ।

मूल्य रु.१५०/-

ज्यो. पाराश्वर ढुङ्गाना
सम्पर्कः ९८६१६०१०५०
(कुल क्रमागत गणित फलित ज्योतिष)

पञ्चाङ्ग स्थापित २०२६ साल २०५९/११/२२ स्वीकृति, २०६० सालदेखि निरन्तर चलिआएको

मदुसुदन भविष्यती

यस वर्ष भाद्र २२ र फाल्गुन १५ गते खग्रास चन्द्र ग्रहण लाग्ने छ ।





ज्यो	ति चक्र सदा निरन्तर घुमी	★	निर्माण ब्रह्माण्डको ।
ति	थि बार नक्षत्र योग र करण	★	दिन मास र वर्ष भो ।।
ष	ट्शास्त्रैहरूको निरुपण गरी	★	ब्रह्माण्ड संसारको ।
श्री	ष्टि कल्प र युग युगहरूको	★	सम्पूर्णको सार यो ।।
ग	ङ्गा सिन्धुसरी पवित्र हुन गै	★	सत्कार्य सेवा डटी ।
गा	ह्रो मार्ग पनि निरुपण गरी	★	रन्छु निरन्तर खटि ।।
प्र	ज्ञा चक्षु अनन्तको गुणनिधि	★	विराट् परमात्मको ।
सा	ङ्ख्यै योग र दिव्य ज्ञान गणितको	★	विवेचना आत्मको ।।
द	र्पण ज्ञान र कर्मको युतगरी	★	पञ्चाङ्ग निर्माण भो ।
ढु	ङ्गा माटो पदार्थ जीव अजीवको	★	प्रारब्धको ज्ञान यो ।।
गा	था पूर्ण तयार हुन गयो	★	ज्योतिषका प्रेमले ।
ना	रायण प्रभुका चरण कमलमा	★	नमामी सत्प्रेमले ।।

ग्रह मन्त्री, बैशाख संक्रान्ति र श्री कृष्ण जन्माष्टमी सम्बन्धमा

यस वर्ष सूर्य मेष राशीमा प्रवेश वि.सं. २०८१ चैत्र ३१ गते रात्री ५५।२४ घडिमा गरेका छन् । सूर्य मेष राशीमा प्रवेश गरेको समयको बार ग्रह मन्त्री हुने हुँदा यस वर्ष सूर्य मेष राशीमा प्रवेश गर्दा रात्री रविबार भए तापनि सूर्योदय काल १।३० घडि अधिबाट नै सोमबार प्रारम्भ भई सक्ने हुन्छ ।

सूर्येदयापूर्वरामेकघटिपला युन्दुर्त्रिका ।
सूर्येदयकालनी त्रिघंटीद्वितीयपलानिस्तथा ॥

अतः ग्रह मन्त्री चन्द्रमा मान्नु पर्ने देखिएको हुँदा चन्द्रमा ग्रह मन्त्री राखिएको छ ।

यस वर्ष श्री कृष्ण जन्माष्टमी श्रावण ३० गते रात्री मध्यान्ह (४६।१५ घडि) उप्रान्त अष्टमी प्रारम्भ भएको छ । मध्य रात्री हुन ३।१४ घडि कममा नै अष्टमी प्रारम्भ भएको छ । ३१ गते अष्टमी मध्य रात्री पुग्न २।५८ घडि कम रहेको छ । श्री कृष्ण भगवानको जन्म अष्टमीको मध्य रातमा वृष लग्नमा भएको हो । यस वर्ष मध्य रातमा अष्टमी दुवै दिन प्राप्त नभएको हुँदा मध्य रात्रीको लग्न वृषलाई आधार लिई श्री कृष्ण अष्टमी व्रत श्रावण ३१ गते राखिएको छ ।

नव वर्षको हार्दिक मंगलमय शुभकामना

यस ज्वाला पञ्चाङ्गको संस्थापना विगत १३औं शताब्दिमा भई कुल क्रमागत रुपमा निरन्तर चलीआएकोमा वि.सं. २०२६ सालदेखि ज्यो.पं. गङ्गाप्रसाद ढुङ्गानाद्वारा नवीन पद्धतिबाट गणना गरी अप्रकाशित रुपमा चलीआएको थियो । वि.सं. २०६० देखि निरन्तर प्रकाशन हुँदै आएको छ । ज्वाला पञ्चाङ्गले पञ्चाङ्ग प्रकाशनको कार्य मात्र नगरी ज्योतिष विज्ञानको क्षेत्रमा अध्ययन अनुसन्धान समेत गर्दै आएको छ । ज्वाला पञ्चाङ्गबाट देहायका अनुसन्धान मूलक ग्रन्थहरू प्रकाशित गरिएका छन्:-

१. ज्योतिषार संग्रह पर्व बोध, २०६९ २. बैश्वान्नर ज्वाला पुराण, २०७२
३. बाशिष्ठि क्रिया अन्त्य पद्धति (नारायणबली सहित), २०७४
४. जन्मपत्रिका बोध (कुण्डली चिना निर्माण विधि), २०७५
५. गङ्गा ज्योति भाष्करः गणित ग्रन्थ, २०८०

ज्वाला पञ्चाङ्गका पञ्चाङ्गकारसँग रहेका हस्तलिखित ग्रन्थ र पात्रोहरूको विवरण:-

१. पञ्चाङ्ग निर्माण सम्बन्धी सम्पूर्ण विधि र मकरन्द तथा भास्वती समेतको विधि भएको खण्डखाद्य ग्रन्थ-१
२. कुण्डली (चिना) निर्माण पद्धति-१ ३. मुहूर्त्त तथा चक्रहरू निर्माण सम्बन्धी ग्रन्थ-१
४. बि.सं. २००२ साल देखि बि.सं. २०५८ सम्मको हस्तलिखित ज्वाला पञ्चाङ्गहरू।

ज्वाला पञ्चाङ्गद्वारा प्रकाशित माथि उल्लिखित अनुसन्धानमूलक ग्रन्थहरू र ज्वाला पञ्चाङ्गको प्रयोग गर्नुहुन आदरणीय महानुभावहरूमा निवेदन गर्दै नव वर्ष २०८२ ले समस्त मानव र प्राणीहरूमा सुख र शान्ति ल्याओस !भन्ने हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विनीत- ज्यो.गङ्गाप्रसाद ढुङ्गाना, प्रकाशन मिति २०८१।०५।१२, प्रकाशन प्रति ५,०००

विषय सूची

२०८२ साल विशेष पर्वका दिन

वैशाख १	गते नववर्षारम्भ
वैशाख १४	गते मातृ सम्मान दिवस
वैशाख १७	गते अक्षय तृतीया
वैशाख २६	गते कानून दिवस
वैशाख २९	गते बुद्ध जयन्ती, उभौली
ज्येष्ठ २२	गते गङ्गा दशहरा
आषाढ २३	गते पूर्व राजा ज्ञानेन्द्र शाह शुभ जन्मोत्सव
आषाढ २६	गते गुरु पूर्णीमा
आषाढ २९	गते भानु जयन्ती
श्रावण ७	गते घण्टाकर्ण चतुर्दशी
श्रावण १३	गते नाग पञ्चमी
श्रावण २४	गते जनै पूर्णीमा, रक्षा बन्धन
श्रावण २५	गते गोयात्रा (गाई जात्रा)
श्रावण ३१	गते श्रीकृष्ण अष्टमी
भाद्र ७	गते कुशे औंशी पिता सम्मान दिवस
भाद्र १०	गते हरितालिका तीज
भाद्र १२	गते ऋषि पञ्चमी
भाद्र २१	गते कुमारी इन्द्रयात्रा, दैलेख डाडीमाडी मेला
आश्विन १	विश्वकर्मा पूजा
आश्विन ६	गते घटस्थापना
आश्विन १३	गते फुलपाती र कालरात्री
आश्विन १४	गते महाअष्टमी
आश्विन १५	गते महानवमी
आश्विन १६	गते विजया दशमी
आश्विन २०	गते रात्री कोजाग्रत
आश्विन २१	गते कोजाग्रत पूर्णीमा
कार्तिक २	गते धन्वन्तरी जयन्ती र काग तिहार
कार्तिक ३	गते नरक चतुर्दशी, लक्ष्मीपूजा
कार्तिक ४	गते गौ (गाईपूजा), गाई तिहार
कार्तिक ५	गते गोर्वधन, गोरु र म्ह पूजा
कार्तिक ६	गते भ्रातृ पूजा (भाई टीका)
कार्तिक १०	गते छठ पर्व, डालाषट् पूजा
मार्गशिर्ष ९	गते सीता विवाह पञ्चमी
मार्गशिर्ष १८	गते धान्यपूर्णीमा उधौली
पौष १०	गते क्रिसमस
पौष १५	गते तमु ल्होसार
पौष १९	गते श्री स्वस्थानी व्रतारम्भ
पौष २७	गते पृथ्वी जयन्ती
माघ १	गते माघी पर्व
माघ १६	गते शहिद दिवस
माघ १८	गते श्री स्वस्थानी व्रत समाप्ति
फाल्गुन ४	गते महाशिवरात्री
फाल्गुन ६	गते ग्याल्पो ल्होसार
फाल्गुन १८	गते पहाडी होली
फाल्गुन १९	गते तराई होली
चैत्र ५	गते घोडे जात्रा
चैत्र १२	गते चैत्राष्टमी
चैत्र १३	गते श्री राम नवमी

"कालयुक्त" धराधिप १ गताब्द गुरु वत्सर ।
शुभाशुभ फलदिई, विदा भयौ संवत्सर ।।
स्वागत् छ धर्तिमा तिम्रो, सिद्धार्थ सिद्धि नै गर ।
"रौद्र"लाई पुनः स्वागत् वर्षको दश् मैना पर ।।

वर्षलग्न ५।३।२९।९



जगल्लग्न ११।२५।२।१४



आर्द्रा लग्न ६।१०।३६।२५



श्री शाके १९४७, संवत् २०८२ सालको वार्षिक भविष्य फल

अथ संवत्सरः **अचिन्त्य व्यक्तरूपाय निर्गुणाय गुणात्मने । समस्त जगदाधार मूर्तये ब्रह्मणे नमः॥१॥ स जयति सिन्दूरवदनो देवोयत्पादपङ्कज स्मरणम् । वासरमणिरिव तमसिंराशिन्नाशयति विघ्नानाम् ॥२॥ विनायक प्रणम्यादौ देवी वाग्देवता गुरुः। संवत्सर फलं वक्ष लोकानां हितका मयाः॥३॥ बृहस्पतेर्मध्यम राशिभोगात् संवत्सर साहिका वदन्तिः। ते षष्टिरब्दाः प्रभवादि संज्ञा मेषादिजाश्चाश्विन पूर्वका वा ॥४॥** अत्रहि षष्ठ्याब्दानां मध्ये कालयुक्त नाम संवत्सरो गतः। एकादशे अधमे युगे, यमाधिपते, इडावत्सरे, चन्द्रपति, प्रभुततोया, **सिद्धार्थ** नाम संवत्सर प्रवेशः॥ मेषार्कान्प्राक्भुक्त मासादयः १।१८।४०।१८, भोग्य मासादयः १०।११।१९।४२ तंदोपरी रौद्र नाम संवत्सर भविष्यति॥

सम्वत्सर फलः **सिद्धार्थवत्सरेभूयो ज्ञानवैराग्ययुक्प्रजा । सकलावसुधाभाति बहुसस्यार्धवृष्टिभि ॥ रौद्रेब्देनृपसंभूतक्षोभक्लेशसमन्विते । सततत्वखिलालोका मध्यसस्यार्धवृष्टय ॥** सिद्धार्थ नामको सम्वत्सर भएको यस वर्षमा मनुष्यहरूमा ज्ञान र वैराग्य उत्पन्न हुनेछ । राम्रो जलवर्षा हुनाले बालिनाली राम्रो हुनेछ । वर्षको उत्तरार्धमा रौद्र नामको संवत्सर प्रवेश हुने हुँदा राजा वा शासक वर्गमा क्षोभ, क्लेश उत्पन्न हुनेछ । वर्षको उत्तरार्धको बालिनालीको उत्पादन मध्यम हुनेछ । सवै मनुष्यहरू आ-आफ्नो कार्यमा सततः प्रयासरत रहनेछन् । संवत्सर संख्या शेष ५ रहेकोले धेरैस्थानमा सुभिक्ष हुनेछ

वार्षिक भविष्य फलः सिद्धार्थ नामको संवत्सर भएको यस वर्षमा ग्रह मन्त्रिपरिषद् यस प्रकार गठन भएको छः- ग्रह राजा- सूर्य, मन्त्री- चन्द्रमा, धान्येश (सस्येश) (वर्षे वाली विभाग प्रमुख)- वृहस्पति, परधान्येश (हिउँदे वाली विभाग प्रमुख)-मङ्गल, मेघेश (वर्षा विभाग प्रमुख)- सूर्य, रसेश (रसादी विभाग प्रमुख)- शुक्र, निरशेस (निरस अर्थात् सुख्खा वस्तु विभाग प्रमुख)- बुध, फलेश (फलफूल र उत्पादन विभाग प्रमुख)- शनि, धनेश (अर्थ विभाग प्रमुख)-बुध र दुर्गेश (सैन्य विभाग प्रमुख)- सूर्य रहेका छन्॥

॥ ग्रह राजा सूर्ये फलम् ॥ **सूर्ये नृपे स्वल्पफलाश्च मेघाः स्वल्पं पायोगौषुजनेषु पीडा । स्वल्पं सुधान्यं फलमल्पवृक्षाश्चौराग्नि बाधा निधनं नृपाणाम् ॥** ग्रहराजा सूर्य भएको हुनाले यस वर्षमा वर्षा कम हुने, फलफूलहरू उत्पादनमा गिरावट आउने, कृषक खासगरी गाई तथा पशुपालकहरूमा पीँडा हुने, बालीनाली उत्पादनमा कमी आउने, वृक्षहरूमा फल कम लाग्ने, चोर तथा अग्निको भय बढ्ने र राजा (अर्थात् शीर्ष शासक) को निधन हुनसक्नेछ

॥ ग्रह मन्त्री चन्द्र फलम् ॥ **शशिनी मन्त्रीगते बहुसस्यावत्यपि धरा रमते सुखमण्डित । वियति वारिधरा बहुवर्षिणो जनपदाः सुखराशिसुशोभिता ॥** ग्रह मन्त्री चन्द्रमा भएको हुनाले यस वर्षमा वर्षा हुने जल सितल र उचित हुने, बालिनाली राम्रो सप्रने र उत्पादनमा भारी बढोत्तरी हुने, जनमानसमा सुखानुभूति हुने, शहर तथा ग्रामीण इलाकाहरूमा सुख, शान्ति र समृद्धि आउनेछ । तर राजा सूर्यको प्रभावले यसको फलमा केही कमी होला

॥ सस्येश (धान्येश) वृहस्पति फलम् ॥ **कणपतौसुरराजपुरोहिते सकलरौख्यकर श्रुतिपूर्वक । जलधरा जलदा बहुसस्यदा रसपयांसि बहुंनि बसूनि वै ॥** वृहस्पति सस्येश हुनाले यस वर्षमा सवैतिर सुखानुभूति हुने, उचित समय, स्थान र मात्रामा वर्षा भई वर्षे बालिनाली उत्पादन बृद्धि हुने, रसादि वस्तुको उत्पादन बढ्ने हुन्छ

॥ परधान्येश मङ्गल फलम् ॥ **भूमिजेग्रीष्म धान्येशेग्रीष्मधान्यमहर्घकम् । शालीक्षुघृततैलादिमहर्घाणी भवन्ति च ॥** मङ्गल परधान्येश भएको हुँदा यस वर्षमा हिउँदेवाली-नाली कम उत्पादन भई महङ्गो हुने, उखु, बदाम, काजु लगायतका वस्तु र तेलहनजन्य वस्तुको उत्पादनमा कमिआई त्यस्तो बस्तुहरूको मूल्यमा भारी बृद्धि हुनेछ

॥ मेघेश सूर्य फलम् ॥ **जलदय्यदिवासरपेत दासरसिवैरमेताजनतारसम् । यवचणोक्षुनिवारसुशालिभिः सुखचयंसुलभंभुवि वर्तते ॥** मेघेश सूर्य भएको वर्षमा वर्षा कम हुने, भएको वर्षा पनि प्रदूषणयुक्त भई हानिकारक हुने, जौ, उखु र उखुको रसबाट हुने उत्पादनमा भारी गिरावट आउने, पृथ्वीतलमा सुख चयनमा ह्रास हुनेछ

॥ रसेश शुक्र फलम् ॥ **यजनयाजनकोत्सवकोत्सुकाजनपदाजलतोषित मानसा । सुखभिक्षसुमोदपतीधराधरणिपा हतपापगणप्रिया ॥** रसेश शुक्र

भएको हुँदा यस वर्ष रसादि वस्तुको राम्रो उत्पादन हुने, आमजनमानसमा नवीनता र उत्सुकता छाउने, सुभिक्ष र सहकाल हुने तथा आनान्दानुभूति हुनेछ ॥ **निरशेस बुध फलम्** ॥ **चित्रवस्त्रादिकंचैव शंखचन्दनपूर्वकम् । अर्घबृद्धिः प्रजायेत नीरसेशोबुधोयदि** ॥ निरसेश वुधका कारण यस वर्ष चित्रविचित्र कपडा, शङ्ख, सिपी लगायत पुष्प, धुप, चन्दन र अर्घको सामग्रीको उत्पादनमा ठूलो बृद्धि हुनेछ ॥ **फलेश शनि फलम्** ॥ **यदिशनिः फलपः फलहा भवेज्जनितपुष्पागणस्य दमः सदाः। हिमभयंवरतस्करजन्तुभिजनपदो गदराशिमहाकुला** ॥ शनि फलेश भएको हुँदा यस वर्ष चोर तस्करहरू लाग्ने, हिमपात असिना वृष्टिभई फलफूल नोक्सानी हुने, फलफूलमा किरालाग्ने, नोक्सानी हुने, फलफूलको मूल्यवृद्धि हुने र अभाव हुनेछ ॥ **धनेश बुध फलम्** ॥ **द्रविणपो हिरशमिसुतोदयाविविधसंग्रहवस्तुफलार्थद ॥ द्विजवराजययज्ञसुसंयुताः कृषिविशेषविशेषितमानसा** ॥ धनेश बुध भएकोले यस वर्ष विविध वस्तुहरूको संग्रह र व्यापार बढ्ने, विद्वान ब्राह्मण यज्ञयज्ञादिमा र किसानहरू कृषिमा परायण हुनेछन् ॥ **दुर्गेश सूर्ये फलम्** ॥ **नयविंशेषक रस्तरणिस्तदागतभयानरराजपुरोगमा । समधिकोनतदानृपजोन्यजः स्वपथजंव्रजतांनभयंक्वचित्** । देशहरू बीचको सीमा सम्बन्ध हेर्ने विभाग प्रमुखमा रहने ग्रहलाई दुर्गेश भनिन्छ । यस वर्ष दुर्गेश सूर्य भएको हुँदा सीमा विवादलाई लिएर अन्तर्राष्ट्रियस्तरमा एकाध ठूलै घटना हुनसक्ने, शक्तिराष्ट्रहरूले साना र कमजोर राष्ट्रहरूको सीमा मिच्न प्रयत्न गर्ने र सत्तासीन ब्यक्तिहरूमा घमण्ड बढ्नेछ ॥ **नव मेघेश निल फलम्** ॥ **सत्ययोदिशतिगोकुलपूर्णावस्त्रतारिवलमहीपरिपूर्णा । नीलनाम्निजलदेजलवृष्टिर्जायतेसकल मानवतुष्टि** ॥ नव मेघेश निल भएको हुँदा यस वर्षमा पशुपालक, ब्यापारीहरू सन्तोष हुने, बलशालीहरूमा थप बलबृद्धि हुने, अमृतसमानको जल वर्षाभई सर्वत्र सन्तुष्टि हुनेछ ॥**द्वादश नागेश वासुकी फलम्**॥ **उदेतियत्रवत्सरेसवासुकिर्भुजंगम । प्रभुतधान्यदायकः सुवृष्टिकारकस्तथा** ॥ वासुकी नागराजा भएको हुँदा यस वर्ष उचित जलवृष्टि भई हरियाली छाउने, फलफूल बालीनाली सप्रने, अन्नबालीको राम्रो फसल उत्पादन हुने, धेरै स्थानमा सुख र सन्तोषको अनुभूति हुनेछ ॥ **अथ सूर्य आर्द्रा प्रवेश फलम्** ॥ **तिथि**-द्वादशी । **द्वादश्यांशिवनक्षेत्रं प्रविष्टश्चेद्दिवाकार । नानाविधंशुभंतर्हिजनः**॥ द्वादशी तिथिमा सूर्य आर्द्रामा प्रवेश गरेकोले विभिन्न प्रकारका शुभकार्यमा जनमानस संलग्न हुनेछन् । **वार**-आइत । **दिनपतिवारे च पशुपतिधिष्णये दिनपतिवेशेसतिपशुनाश** ॥ आदित्यवारमा सूर्य आर्द्रा नक्षेत्रमा प्रवेश गरेको हुँदा पशुचौपायहरूको विनासगर्छ । **नक्षेत्र**-भरणी । **अर्कस्यौरौद्रसंवेशे भरणीचन्द्रभं यदि । तर्हिस्याद्रोगबाहुल्यं शुभनैवकाचन** ॥ भरणीमा सूर्य आर्द्रा प्रवेश गरेकोले रोगब्याधिको बाहुल्यता हुने, बालिनाली कम फल्ने वा नष्ट हुने र शुभ माङ्गलिक कार्यमा रोकावट हुनेछ । **योग**-सुकर्म । **सुकर्मनामयोगेकेयदिशभंरविर्व्रजेत् । धर्म कार्य तथा श्रुति शास्त्रवेद परायण** ॥ सुकर्म योगमा सूर्य आर्द्रा प्रवेश गरेकोले लोकमा पुण्यका कर्म, मानवीय व्यवहार र धार्मिक क्रियाकलापको बढोत्तरी हुनेछ । **समय**-अपरान्ह । **अपरान्हेस्थिर्द्राकुरूतेसुभिक्षं** ॥ अपरान्ह कालमा प्रवेशले सुभिक्ष फल दिनेछ ॥ **अथ अगस्त्योदयास्त फलम्** ॥ दिनमा अस्त र रात्रीमा उदय भएको हुँदा हर्ष र उमङ्गल हुनेछ ॥ **वर्ष लग्न कन्या फलम्** ॥ **कन्यायांसुस्थिराप्राच्यांघृतेमहर्घतामत । मजिष्ठादिसामत्वंयावन्मासत्रयं भवेत । मरिर्ददक्षिणदेशे स्यात्तया वंगेप्युपद्रव । लोक दुःखं पश्चिमायां विग्रहोन्नसमर्घता ॥ चतुष्पदसुखं प्राच्यामुदीच्यां राजविग्रह । मध्येदेशेप्रजाभङ्गः समर्घत्वंधृतेपुन** ॥ वर्ष लग्न कन्या भएकोले पूर्वका देशहरूमा घ्यू तेल लगायत पेट्रोलियम पदार्थको मूल्यबृद्धि हुने, वर्षारम्भको तीन महिनासम्म त्यस्तो महर्घता कायम रहने, चौपाया पशुवस्तुका लागि भने शुभ रहने, शासनमा विग्रह उत्पन्न हुने, दक्षिणका देशहरूमा उपद्रव मच्चिने, पश्चिमका देशहरूम विग्रह र मूल्यबृद्धि हुने, मध्यका देशहरूका जनताहरूमा विद्रोह र फूट आउने तथा घ्यू तेल आदि रसादि वस्तुहरूको मूल्य स्थिर रहनेछ ॥ **जगत् लग्न फलम्** ॥ दोस्रो, बाह्रौं र केन्द्रमा शुभ र सौम्य ग्रह हुनाले धेरै स्थानमा सुभिक्ष हुनेछ ।

समग्रमा यस वर्षको वार्षिक फल हेर्दा वर्षा मध्यम खालको हुनेछ । उत्पादन मध्यम स्तरको रहनेछ । विश्व अर्थतन्त्रमा अघिल्लो वर्षको तुलनामा केही सुधार भएपनि खासै वृद्धि हुनेछैन्, तेलको मूल्य बृद्धि हुने, सुन र डलरको मूल्य अघिल्लो वर्षको तुलनामा केही स्थिर रहने, राजनीतिमा अस्थिरता र उतारचढाव आइरहने, धेरै मानिसहरू कुकर्म र हत्या हिंसा मार्गमा लागे पनि सत्मार्गमा लाग्नेहरू पनि सक्रिय हुनेछन् । वेरोजगारी र गरिबी घट्नुको सट्टा केही वृद्धि नै हुनेछ । राजनीतिक अस्थिरता, ठूला राजनीतिज्ञको क्षति हुनसक्नेछ । बाढी, पहिरो, सुख्खा, खडेरी, आँधि, अतिवृष्टि र अनावृष्टि जस्ता घटना घट्नेछन् ।

॥ **यस वर्षमा वर्षा हुने दिनको भविष्यवाणी** ॥ वृहस्पतीय मानले यस वर्ष महावर्ष मार्गशीर्ष महिनामा परेको छ । त्यसको फल-**मार्गवर्षेत्वल्पवृष्टिः सस्यहानिरनेकदा । राजानोयुद्धनिरता अन्योन्यावधकांक्षिणा** ॥ मार्गशिर्ष महावर्ष हुँदा यस वर्षमा वर्षा न्यून हुने, परस्पर कलह, राजयुद्ध र लोकलाई पीडादायी हुने फल हुन्छ । उक्त मत अनुसार यस वर्ष जम्मा ७० दिन वर्षा हुनेछ जसमध्ये आषाढमा ६ दिन, श्रावणमा २५ दिन, भाद्रमा १५ दिन, आश्विनमा १२ दिन र अरू महिनामा फाटफुट १२ दिन वर्षा हुनेछ ॥ **वर्षा स्तम्भ** ॥ हरेक स्तम्भ पूरा ६० हुन्छन् । यस वर्ष जलस्तम्भ ४६।११, तृणस्तम्भ ५५।१०, वायुस्तम्भ ५।८ र अन्नस्तम्भ १०।३५ रहेका छन् । यस वर्ष रोहिणी चक्रानुसार **रोहिणीको निवास** वैश्यगृहमा, अश्वको वाहन र सन्धिमा परेकोले

खण्डवृष्टी धेरै हुनेछ। जलाढाकको पति वृहस्पति र जम्मा जलाढाक संख्या १०० रहेकोमा ५० समुद्रमा, ३० पर्वतमा, २० पृथ्वीमा छन्। त्यति नै प्रतिशत पानी तत् तत् स्थानमा पर्नेछ॥ **अथ वर्षादिनां विंशोपका॥** हरेक विशोंपका पूरा विस संख्याको हुन्छ। (जस्तो वर्षा विसमा ११ हुनेछ) यहि हिसावले यस वर्षमा विंशोपकाको प्रतिशत रहनेछ। वर्षा-११, धान्य-११, तृण-५, शीत-१३, तेज-१७, वायु-१३, बृद्धि-१५, हानि-१५, विग्रह-११, सन्धि-५, क्षुधा-११, तृषा-९, निद्रा-१५, आलस्य-१५, उद्यम-१३, शान्ति-१५, क्रोध-१३, दम्भ-५, लोभ-३, मैथुन-१५, रसनिस्पत्ति-९, फलनिस्पत्ति-१३, उत्साह-११, उग्रत्व-७, पाप-७, पुण्य-१, व्याधि-९, व्याधिनाश-१३, आचार-९, अनाचार-११, देशोपद्रव-११, देशोस्वस्थता-७, चौरभय-१, चौरनाश-१, अग्निभय-९, अग्निभयनाश-७, शलभा-१३, मुषका-१३, सुक्का-११, हेमम् १३, ताम्रम् ११, स्वचक्र-३, परचक्र-१, जन्मन-१३, मरण-७, उद्भिजा-१३, जरायुजा-३, अण्डजा-७, स्वेदजा-११ ॥ एवं संचिन्त्य दैवज्ञ फलम् ॥ अथ आय-व्यय ज्ञानम् ॥

विंशोत्तरी (विन्ध्याचल देखि दक्षिणका लागि)

विंश्वोत्तरी	मेष	वृष	मिथुन	कर्कट	सिंह	कन्या	तुला	वृश्चिक	धनु	मकर	कुम्भ	मीन
आय	१४	८	१४	८	११	१४	८	१४	११	५	५	११
व्यय	११	५	२	१४	११	२	५	११	२	५	५	२

अष्टोन्तरी (विन्ध्याचल देखि उत्तरका लागि)

अष्टोन्तरी	मेष	वृष	मिथुन	कर्कट	सिंह	कन्या	तुला	वृश्चिक	धनु	मकर	कुम्भ	मीन
आय	२	११	१४	८	११	१४	११	२	५	८	८	५
व्यय	१४	५	२	२	११	२	५	१४	५	१४	१४	५

आयव्यय समायुक्तं मेकहीनं वसु भाजिता। मेके शेषं लाभफलं द्वितीय सुखसंभवेत्।। तृतीय दुःख दायिने चतुर्थे रोगसंयुत। अपवादश्च पञ्चमे षष्ठे सम्मान प्राप्तितम्।। सप्तशेषेन विजयाज्ञेया शून्यश्रुच हानिकारकः। इत्याये च व्यये कृता फलं ज्ञान विधियते।। आय र व्यय जोडी ८ ले भाग दिंदा शेष १ रहेमा लाभ, २ बचे सुख, ३ बचे दुःख, ४ रहेमा रोगदायक, ५ बचे झुट्टा आरोप लाग्ने, ६ बचे सम्मान प्राप्ति, ७ बचे विजय प्राप्ति र शून्य बचे हानिकारक हुन्छ।

मेष तथा तुला विषुवत्ज्ञान र शान्ति विधि मेष तथा तुला विषुवत् चक्रमा आफ्नो जन्म नक्षत्र विचार गर्नु। वामपादमा परेमा अशुभ हुन्छ भने अन्य सबैमा शुभ। वामपादमा परेकोमा शान्ति गर्नुपर्छ। **शान्तिका लागि पूजा विधिः** गणेश पूजा, पुण्यहवाचन, होम तथा कलश पूजा, प्रधान सङ्कल्प गर्नू। गोविन्दको स्वर्ण प्रतिमा बनाई गोविन्द प्रधान देवता मान्नू। अग्निताप, क्षीरस्नान गरी मधु पञ्चामृत चढाई भूयसी दान गरी, ब्राह्मण भोजन गराई घृतच्छाया दर्शन र रक्षाबन्धन समेत गरी अभिशेष गर्नाले वामपादमा परेको मेष वा तुला विषको शान्ति हुनेछ।

जगल्लग्न फल	११।२५।२।१४	
मेष	१२	दुःख दरिद्र
वृष	११	लाभ
मिथुन	१०	सुखम्
कर्कट	९	धर्मप्राप्ती
सिंह	८	कष्टम्
कन्या	७	स्त्रीसुखम्
तुला	६	अरिपराजय
वृश्चिक	५	पुत्रसुखम्
धनु	४	मित्रसुखम्
मकर	३	कुटुम्ब वृद्धि
कुम्भ	२	धनलाभ
मीन	१	देहसुखम्

मेष विषुवत् चक्र	फलानि	तुला विषुवत् चक्र
श्ले,म,पूफा,उफा,ह,चि,स्वा→	शिर्षे भूमिलाभ	←मृ,आ,पु,ति,श्ले,म,पूफा
आ,पु,ति →	मुखे पाण्डित्यम्	← भ, कृ, रो
अ,भ,कृ,रो,मृ →	हृदी धनागमम्	← श,पूफा,उफा,रे,अ
पूभा, उभा, रे →	दक्ष करे स्त्रीलाभ	← उषा, श्र, ध,
श्र, ध, श →	वाम करे भैक्षम्	← ज्ये, मू, पूषा
मू, पूषा, उषा →	दक्ष पादे भ्रमणम्	← स्वा, वि, ऽनु
वि, ऽनु, ज्ये →	वाम पादे कष्टम्	← उफा, ह, चि

वि.सं. २०८२ सालको मासिक भविष्यफल

॥ वैशाख ॥ यस महिनामा पाँच-पाँच सोम र मङ्गलवार परेका तथा सूर्योदय समयमा महिना प्रारम्भ भएको छ। मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा शुभ फल देखिन्छ। धेरै जनमानसमा सुखानुभूति हुने, सुशासन, सदाचार र सद्विचारको लागि आवाजहरू उठ्ने, उद्योग र व्यापार क्षेत्रका केही समस्याहरू समाधान हुनेछन्। हावाहुरी आँधि आउने, असिना पर्ने, आगलागी, सवारी दुर्घटना, अपराधका केही घटना र दैवी प्रकोपका घटना हुनसक्ने छन्। तुलनात्मक रूपमा महिलाभन्दा बढी पुरूषमा असन्तोष देखिने योग छ। राजनीतिक क्षेत्रमा केही सुधार हुनसक्ला।

॥ ज्येष्ठ ॥ यस महिनामा पाँच-पाँच बुध, वृहस्पति, शुक्र र शनिवार परेका तथा रात्रीको चतुर्थ प्रहरमा महिना प्रारम्भ भएको छ। मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा शुभ फल नै देखिन्छ। जनमानसमा उत्साह र उमङ्गलता रहला। तर पाँचवटा शनिवारको प्रभावले अपराधका घटना, सवारी दुर्घटना र अनुशासनहीनता बढ्नसक्ने, कुनै कुनै क्षेत्रमा हावाहुरी, आँधि आउने, असिना, चट्याङ्ग पर्नेछ। धेरै स्थानमा सुखानुभूति हुने, राजनीतिमा केही उतार चढाव र वदलाव आउने संभावना रहेको छ।

॥ आषाढ ॥ यस महिनामा पाँच-पाँच आइत, सोम, मङ्गल र बुधवार परेका तथा आइतवारको दिनको तृतीय प्रहरमा महिना प्रारम्भ भएको छ। मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा मिश्रित फल देखिन्छ। कुनै स्थानमा सुभिक्ष र कुनै कुनै स्थानहरूमा दुर्भिक्ष हुनेछ। राजनीतिमा उग्रता आउने, सवारी दुर्घटना र अपराधका घटना बढ्ने, अनुशासनहीनता बढ्नसक्ने यान दुर्घटना, भय र त्रासदीपूर्ण घटना हुन सक्नेछन्। केही सुधारका पक्षहरू पनि देखिनेछन्। विकास निर्माणमा अराजकता देखिनेछ। राजनीतिक क्षेत्रमा केही आशा र अपेक्षाकृत सुधारका सङ्केत देखिनेछन्। उद्योग व्यापार व्यवसायमा केही मन्दी आउनसक्छ

॥ श्रावण ॥ यस महिनामा पाँच-पाँच वृहस्पति, शुक्र र शनिवार परेका तथा सूर्योदयकालमा महिना प्रारम्भ भएको छ। मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा वढी अशुभ फल देखिन्छ। कुनै स्थानमा अत्यधिक वर्षा र कुनै कुनै स्थानहरूमा नून वर्षा हुनेछ। बाढी पहिरो, भूकम्प, डुवान जस्ता समस्याले थप क्षति पुऱ्याउनेछ। उपभोग्य वस्तुको मूल्य आकासिनेछ। कुनै स्थानमा विग्रह, युद्ध, विद्रोह र उथलपुथलको संभावना रहेकोछ। कृषि, पशुपक्षी पालन तथा व्यापार व्यवसायमा असहजता उपन्न हुनेछ। विशालु किराको आक्रमण, सरूवा रोगको प्रकोप र चोरी डकैतिका घटना हुनसक्ने भएकोले सवै सजग र सचेत रहनुपर्ने देखिन्छ।

॥ भाद्र ॥ यस महिनामा पाँच-पाँच आइतवार र सोमवार परेका तथा दिनको चतुर्थ प्रहरमा महिना प्रारम्भ भएको छ। मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा मिश्रित फल देखिन्छ। महिनाको पूर्बार्द्धमा बाढी पहिरो, भूकम्प, डुवान जस्ता समस्याले थप क्षति पुऱ्याउने छ। अपराधका घटना, सवारी दुर्घटना र अनुशासनहीनता बढ्नसक्ने यान दुर्घटना, भय र त्रासदीपूर्ण घटना हुनसक्नेछन्। उपभोग्य वस्तुको मूल्य बृद्धि कायम नै रहनेछ। कृषि, पशुपक्षी पालनमा रोगको प्रकोप बढ्नसक्छ। यस महिनामा पनि विशालु किराको आक्रमण, सरूवा रोगको प्रकोप र चोरी डकैतिका घटना हुनसक्ने भएकाले सवै सजग र सचेत रहनुपर्ने देखिन्छ।

॥ आश्विन ॥ यस महिनामा पाँच-पाँच बुध र वृहस्पतिवार परेका तथा दिनको चतुर्थ प्रहरमा महिना प्रारम्भ भएको छ। मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा वृहस्पति र शुक्र ग्रहले शुभ फल दिने भए तापनि राहु र शनिले नराम्रो फल दिने हुँदा मिश्रित फल देखिन्छ। जनमनमा केही उत्साह, उमङ्ग र जोश जाँगर देखिएको अनुभूति हुनेछ। सुशासन र राज्य व्यवस्थामा केही सुधारका लक्षण देखिए पनि भ्रष्टाचारका केही ठूला घटना उजागर हुनेछन्। अपराधका घटना बढ्ने, सवारी दुर्घटना र अनुशासनहीनता बढ्नसक्ने यान दुर्घटना, भय र त्रासदीपूर्ण घटना हुनसक्नेछन्। उपभोग्य वस्तुको मूल्य बृद्धि कायम नै रहनेछ। कृषि, पशुपक्षी पालनमा रोगको प्रकोप तथा व्यापार व्यवसायमा कठिनाई बढ्नसक्छ।

॥ कार्तिक ॥ यस महिनामा पाँच-पाँच शुक्र र शनिवार परेका तथा रात्रिको चतुर्थ प्रहरमा महिना प्रारम्भ भएको छ। मास प्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा सामान्य र मिश्रित फल हुने देखिन्छ। जनमनमा केही उत्साह, उमङ्ग र जोश जाँगर देखिएको

अनुभूति हुनेछ । सवारी दुर्घटना र अनुशासनहीनता बढ्नसक्ने वायुयान दुर्घटना, भय र त्रासदीपूर्ण घटना हुनसक्नेछन् । उपभोग्य वस्तुको मूल्य बृद्धि कायम नै रहनेछ । व्यापार व्यवसायमा मन्दी आउनेछ । कृषि, पशुपक्षीमा रोगको प्रकोप बढ्नसक्छ । कतै असिनाले पाकेको वाली नोक्सानी गर्नसक्नेछ । कतै झरी परेर कृषिमा प्रभाव पार्नसक्नेछ । अन्तर्राष्ट्रिय बजारमा डलर, सुन र महङ्गा धातुको मूल्य बृद्धि हुनेछ । कृषकहरू सतर्क र सचेत रहनु पर्नेछ ।

॥ मार्गशीर्ष ॥ यस महिनामा पाँच-पाँच आइत र सोमवार परेका तथा मध्यरात्रीमा महिना प्रारम्भ भएकोछ । मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा पापग्रह राहु, केतु, शनि र मङ्गल शुभ स्थानमा र वृहस्पति अशुभ स्थानमा हुँदा अशुभ फल हुने देखिन्छ । राजनीतिमा अस्थिरता उत्पन्न हुने, कुनै कुनै देश र क्षेत्रमा विद्रोह, युद्ध हुनसक्ने र उच्च तहको शासक एवं प्रख्यात व्यक्तित्वको क्षति हुनसक्नेछ । विश्व राजनीति तरङ्गित बन्नेछ । वर्षे धानवाली असिना पानिद्वारा क्षति हुनसक्नेछ । भ्रष्टाचार र अपराधका घटनामा बृद्धि भएको समाचार आउनेछन् । भूमि सुख्खा हुने, उत्पादन घट्ने, व्यपार- व्यावसायमा मन्दि छाउने, पशुपक्षी पालक र कृषकमा निराशा उत्पन्न हुनसक्ने देखिन्छ । सज्जन र साधुजनले सवै जनालाई सतर्कभई सत्कार्य र सत्मार्गमा लाग्न आह्वान गर्नुपर्ने देखिन्छ ।

॥ पौष ॥ यस महिनामा मङ्गलवार मात्र पाँचपटक परेको र मङ्गलवारको दिन तृतीय प्रहरमा महिना प्रारम्भ भएको छ । मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा पापग्रह मङ्गलको फल केही शुभ भए पनि धेरै अशुभ फल नै हुने देखिन्छ । शीत लहर, तुषारापात र शुष्कताले जनमनमा निरूत्साह, उमङ्गहरण र जोश जाँगर समाप्त भएको अनुभूति हुनेछ । सुशासन र राज्य व्यवस्थामा खराव लक्षणहरूको बाहुल्यता देखिने, केही ठूला घटना उजागर हुनेछन् । कृषि, पशुपक्षी पालनमा रोगको प्रकोप तथा व्यांपार व्यवसायमा कठिनाई बढ्नसक्छ । अपराधका घटना बढ्ने, सवारी दुर्घटना र अनुशासनहीनता बढ्नसक्ने यान दुर्घटना, भय र त्रासदीपूर्ण घटना हुनसक्नेछन् । उपभोग्य वस्तुको मूल्य बृद्धि कायम नै रहनेछ ।

॥ माघ ॥ यस महिनामा पाँच-पाँच बुध र वृहस्पतिवार परेका र बुधवारको रात्री दोस्रो प्रहरमा महिना प्रारम्भ भएकोछ । मास प्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा शुभ फल दिने देखिन्छ । हिमाली क्षेत्रमा पर्याप्त हिमपातले त्यस क्षेत्रको जनजीवन अस्तव्यस्त बनाए पनि त्यहाँका कृषकहरूमा उत्साह, उमङ्ग र जोश जाँगर आउनेछ । पहाडी र तराई क्षेत्रमा शीत लहर आउने र तुषारापात हुनाले जनजीवनले कष्ट महशुस गरेपनि खेतिवाली सप्रनाले सुखानुभूति हुनेछ । सुशासन कायम हुने र भ्रष्टाचार केहि हदसम्म नियन्त्रण हुने लक्षणहरू देखिनेछन् । राजनीतिज्ञहरूमा केही सुझबुझ कायम भएको आभाष मिल्ला । व्यपार-व्यावसायको मन्दी केही घटेको अनुभूति हुनेछ । औद्योगिक क्षेत्र, कल-कारखाना र विकास निर्माणले गति लिएको महसुस हुनेछ ।


॥ फाल्गुन ॥ यस महिनामा पाँच शुक्रवार मात्र परेको र सोही वारको दिन प्रथम प्रहरमा महिना प्रारम्भ भएकोछ । मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा शुभ फल दिने देखिन्छ । समयमा जलवर्षाभई वालिनाली राम्रो हुनाले कृषकहरूमा उत्साह, उमङ्ग र जोश जाँगर आउनेछ । यस महिनामा पनि सुशासन र भ्रष्टाचार केहि हदसम्म नियन्त्रणमा आएको सुधारका लक्षणहरू देखिनेछन् । राजनीतिज्ञहरूमा केही सुझबुझ कायम हुनाले जनमनमा आशाको सञ्चार हुनसक्ला । व्यापार-व्यवसायको मन्दी केही घटेको अनुभूति हुनेछ । औद्योगिक क्षेत्र, कल-कारखाना र विकास निर्माणले गति लिएको महसुस हुनेछ । विश्व राजनीति र अर्थतन्त्र शान्त र स्थीर रहेको समाचार आउनेछन् ।

॥ चैत्र ॥ यस महिनामा पाँच-पाँच शनि, आइत र सोमवार परेका र शनिवारको रात्री चतु प्रहरमा महिना प्रारम्भ भएकोछ । मासप्रारम्भ लग्नको ग्रहदृष्टि समेतबाट हेर्दा सामान्य खालक देखिन्छ । कुनै स्थानमा राम्रो र कुनै स्थानमा नराम्रो हुनेछ । कुनै स्थानमा हावाहुरी, आगलागी असिनापानी, चट्याङ्गका घटनाले जनधनमा क्षति पुऱ्याउन सक्नेछन् । सवारी र यान दुर्घटना हुनसक्ने, अपराधका घट्ना बढ्न सक्ने, उपभोग्य वस्तुको बजारभाउ बढ्नसक्ने र दुर्भिक्ष हुनसक्ने संभावना रहन्छ । हिउँदे वालीनाली सप्रेको भए पनि कुनै स्थानमा हुरी, आगलागी र असिनाले क्षति पुऱ्याउला । विश्व राजनीति र अर्थतन्त्र हलचल र तरङ्गित भएको समाचार आउनेछन् ।

वैशाख स्नान मन्त्रः वैशाखे सकलेमासे मेष संक्रमणे रवौः ।। प्रातः सनियमः स्नास्ये प्रीयतां मधुसूदन ।। बैशाख कृष्ण अमावस्यामा आमा सम्मान गर्नू, आमा नहुनेहरुले मातातीर्थमा गई श्राद्ध गर्नू। वैशाख शुक्ल अक्षय तृतीयाको दिनमा जौंको पिठोको सातु, चिनी (सर्वत) माटाको भाँडो दान गर्नाले पुण्य मिल्दछ ॥ **ज्येष्ठ कृष्ण औंशीमा वटमूले सावित्री पूजनः वटप्रदक्षिणं सूत्रेण सप्तवारं वेष्टनं च कृत्वा त्रिरात्रोपवासं तदशक्तौ नक्तमेकभक्तं वा अवैधव्यकामाः स्त्रीयः कुर्युः ।।** ज्येष्ठ कृष्ण वटसावित्री आमावश्य व्रत गर्दा अवैधव्यालाई पुत्र प्राप्त हुन्छ। पतिको आयु बढ्छ। औंशीका रात्री भोजन नगर्नू। ज्येष्ठ शुक्ल दशमी गंगा दशहरा स्नान गर्दा मन्त्रः **ॐ नमो भगवत्यै दशपापहरायै नमोनमः।। आषाढ शुक्ल एकादशी हरिसयनी ११ व्रत चातुरमास्य व्रतारम्भ हुन्छ । भविष्यवाणीः** आषाढ कृष्ण अष्टमी र शुक्ल पूर्णिमाको दिन सफा आकाश भई चन्द्रमा उदाएमा त्यस वर्ष पानीको अभाव हुन्छ। त्यस्तै आषाढ महिनामा पर्ने स्वाती नक्षत्रमा बिजुली चम्कियो या वर्षा भयो भने धेरै अन्न उब्जन्छ ॥ **श्रावण लुतो फाल्दा भन्ने मन्त्रः कण्डारकासुराधीश गृहाण दीपमुत्तमम्। सरलेन्धनसंभूतं ममारिष्टं विनाशय ।। श्रावण शुक्ल नाग पञ्चमी** यो दिनमा नागको चित्र घरको द्वारमा टाँस्नाले नागको भय र चट्याङ गिर्ने भय नाश हुन्छ। **नागमन्त्रः अस्तिकस्य मुनेर्मात्तर्जगदानन्दकारिणी यत्येहि मनसा देवी नागमार्तनमोस्तुतेः** ॥ श्रावण शुक्ल पूर्णिमामा **रक्षाबन्धन मन्त्रः येनबद्धो बलीराजा दानमेन्द्रो महाबलः। तेनत्वामपि बध्न्यामि रक्षे मा चल मा चलः ॥ भाद्रकृष्ण अष्टमी** मा श्रीकृष्णको जन्म पर्व व्रतादि गरी मनाइन्छ। कृष्ण अमावस्यामा नयाँ कुश काटी ग्रहण गरिन्छ। **कुश ग्रहण मन्त्रः विरिञ्चना सहोत्पन्नः परमेष्ठी निसर्गतः॥ नुद सर्वाणी पापानी दर्भस्वस्ती करोभवः ॥** चतुर्दशीमा अनन्त भगवान्को पूजा गरी व्रत गरिन्छ। **आश्विन कृष्ण प्रतिपदा**देखि अमावश्य सम्म १५ दिन र आश्विन शुक्ल प्रतिपदामा मातामह श्राद्ध गरी १६ दिन श्राद्ध हुन्छ। त्यसै प्रतिपदामा घडाको स्थापना गरी जमरा



राख्ने, षष्ठीको दिनमा विल्व निमन्त्रणा, सप्तमीमा फूलपाती, अष्टमीमा कालरात्री, नवमीको दिन देवी पीठहरुमा बलि हुन्छ। दशमीको दिनमा विजया साइत मुहूर्त्त विचारगरी घटस्थापनाको जलले अभिशेष गरी प्रसाद र टीका, जमरा ग्रहण गरिन्छ। कोजाग्रत पूर्णीमासम्म पनि टिका जमरा ग्रहण गर्ने चलन छ। **कार्तिक कृष्ण त्रयोदशीमा** कागलाई मिष्ठान्न दिई पूजा गरी धन्वन्तरी जयन्ती समेत मनाइन्छ। सोहीदिन धन र हात्तीको पूजा गरिन्छ। चतुर्दशीको दिनमा कुकुरको पूजा गरी नेपालको पश्चिमी भेगमा रातमा भोस्सो खेल्ने प्रचलन छ। अमावश्याको दिनमा गाई पूजा र मार्गपाली, रातमा दिपावली लक्ष्मी पूजा हुन्छ। **कार्तिक शुक्ल** प्रतिपदाबाट नेपाल संवत् प्रारम्भ हुन्छ। सोही दिन गोबर्द्धन गोरू र कृषि औजार हलो जुवा आदिको पूजा गरी गोक्रीडा र साँझ नेवारहरुको म्ह पूजा हुन्छ। द्वितीयामा दिदी-बहिनीहरुले आफ्ना दाजुभाईहरुलाई पूजा गरी दीर्घायूको कामना गर्दा **यमराजलाई प्रार्थना गर्ने मन्त्रः धर्मराजनमस्तुभ्यं नमस्ते यमुनाग्रज । पाहिमां किङ्करै सार्द्ध सूर्यपुत्र नमोऽस्तुते ।** षष्टीमा तराईमा छठ पर्व सूर्य र डाला पूजा गरी मनाइन्छ। एकादशीमा चतुर्मास्य व्रत समाप्ती र द्वादशीमा न्वागी खाने गरिन्छ। न्वागी साइत जुरायर पनि खाने गरिन्छ।



न्वागी खाँदाको मन्त्रः नवान्न द्धधिसंयुक्तं नवंविप्राभि मन्त्रितम्। गृहित्वा ब्राह्मणानुज्ञांसदधि प्रानयेन्नवम् ॥ मार्गशीर्ष कृष्ण प्रतिपदाको बिहान त्रिजाटालाई पूजा गरी अर्घ दिने मन्त्रः **रामाय वरदे देवी सीतायै प्रियवादिनी। गृहाणार्ध्य मया दत्तं त्रिजटायै नमोनमः॥** अष्टमीमा भैरवको पूजा गरिन्छ। चतुर्दशी वालाचह्रे पूजा हुन्छ। कुनै तीर्थस्थल वा पशुपतिमा जाग्राम बसी महादीप बाली सतवीज छर्ने प्रचलन छ। **मार्गशुक्ल पञ्चमी**मा श्रीराम तथा सीताजीको विवाह उत्सव मनाइन्छ। पूर्णिमामा नेवार जातिहरुले योमरी पुन्ही मनाउँछन्। **पौषकृष्ण प्रतिपदा**देखि अमावश्यसम्म गयामा श्राद्ध गर्ने प्रचलन छ। पौष महिनामा श्राद्ध, जातकर्म, षष्टी, न्वारन र स्वस्थानी व्रत बाहेक अरु शुभ कार्य नगर्नू। **माघ महिना** विशेषतः तीर्थयात्रा गर्ने महिना हो। वैश्वानर क्षेत्र, दैलेख



दुल्लू पञ्चकोशीतीर्थ समेत अन्य तीर्थमा तिल दान गरेमा सकल कामना सिद्धि भई परम सुख पाइन्छ। शुक्ल पञ्चमीमा सरस्वतीको जन्म दिनमा कामदेव रतीको पूजा र वसन्त श्रवण गरी मनाइन्छ। सप्तमी रथ सप्तमी हो, लक्षवत्ति बाल्दा राम्रो हुन्छ। माघ पूर्णिमामा श्री स्वस्थानीको ब्रत तथा माघस्नानको समाप्ति हुन्छ। **फाल्गुन कृष्ण चतुर्दशीमा** महाशिवरात्रि पर्व श्री पशुपतिनाथको मन्दिरमा र दुल्लू शिरस्थानमा शिवजीको पूजा गरी बडो धुमधामले मनाइन्छ। **फाल्गुन शुक्ल अष्टमीका** दिन बिहान बहुरंगी कपडाको रुमाल झुण्ड्याएको काठको लिंगो गाडिन्छ। पूर्णिमाको दिनमा होली खेल्नु भन्दा पहिले **चीरको भष्म (खरानी) लगाउँदा भन्ने मन्त्रः** **वन्दितासि सुरेन्द्रेण ब्रह्मणा शंकरेण च। अतस्त्वं पाहि नो देवी भूत भूतिप्रदा भव॥** **चैत्र भविष्यवाणीः** चैत्र संक्रान्तिमा पानी पर्‍यो भने बैशाख र ज्येष्ठमा घाँस बढ्छ। सोही महिनाको कृष्ण अष्टमी र चतुर्दशीमा उत्तरतिर वायु चल्यो भने सुभिक्ष भई अन्न सस्तो हुन्छ। संक्रान्तिको बिहान गाउँको बाहिर पवित्र स्थानमा पताका झण्डा जस्तै हल्लिने कपडा) राखि लिंगो गाडी वायुको विधिपूर्वक पूजा गर्नू, अनि हेर्नु कि सो पताका कुन दिशातर्फ उड्छ। पूर्व, पश्चिम र उत्तरमा उडे असल तर दक्षिणमा उडे खराब हुन्छ। कृष्ण प्रतिपदादेखि ऋतुराज वसन्तको प्रवेश हुने हुँदा यस दिनमा आँपको मुजुरा खाने गरिन्छ। चतुर्दशीमा नेवार जातिहरुले पाशा चह्रेपूजा गर्दछन्। अमावश्याको दिनमा घोडा जात्रा मनाइन्छ। यसै दिन श्रीरामले लंका दहन गरी ऋषि भारद्वाजसँग भेट गरेका हुन्। शुक्ल प्रतिपदामा अर्को वर्षको ग्रह राजा प्रारम्भ हुन्छ।

सूर्यको जप पूजाः **जपा-कुसुम-संकाशं काश्यपेयं महाद्युतिम्। तमोऽरिं सर्वपापघ्नं प्रणतोऽस्मि दिवाकरम्॥** मध्य-भाग, वर्तुल मंडल, अंगुल-१२, कलिंग-देश, कश्यप-गोत्र, रक्त-वर्ण, सिंह राशिको-स्वामि, वाहन-सप्ताश्व (सातघोडे बग्गी), होम गर्ने समिधा-आँक। **दानगर्ने वस्तुहरुः** माणिक, सुन, तामा, मुँगा, गहुँ, चाकु, घ्यू, रातो कपडा, कमलको फूल, : रातो चन्दन, बाच्छो सहितको गाई, केशरी हुन्। **दान गर्ने समयः** सूर्योदय काल। **जपमन्त्रः** **ॐ ह्रीं ह्रीं सूर्याय नमः**। जपसंख्याः ७ हजार र शिवजीको पूजा गर्ने। सूर्यको दशा शान्तिको लागि माणिक्य रत्न अधिकतम ५ र न्यूनतम ३ रत्तिको सुन या चाँदीको अँगुठीमा आइतबार, तिष्य नक्षत्र परेको योगमा धारण गर्नु पर्छ।

चन्द्रमाको जप पूजा दान : **दधि-शंखतुषाराभं क्षीरोदार्णव-सम्भवम्। नमामि शशिनं सोमं शम्भोर्मुटभूषणम्॥** आग्नय-कोण, चतुरस्र-मंडल, अंगुल-४, यमुना नदीको किनारको देश, अत्रि-गोत्र, श्वेत-वर्ण, कर्कट राशिको-स्वामि, वाहन-मृग, होम गर्ने समिधा-पलाँश। **दान गर्ने वस्तुहरुः** मोती, सुन, चाँदी, चामल, बाँसको गाबुमा दही, सेतो कपडा, सेतो बाच्छो, मिश्री, कपूर, सेतो चन्दन, सेता फूल र शंख हुन्। **दान गर्ने समयः** सन्ध्याकाल। **जपमन्त्रः** **ॐ ऐं ह्रीं सोमाय नमः**। जपसंख्याः ११ हजार र देवीको पूजा गर्ने। चन्द्रमाको दशा शान्तिको लागि मोती २ देखि ११ रत्तीको सुन या चाँदीको अंगुठीमा शुक्लपक्षको सोमबार, रोहिणी नक्षत्र र कालदण्ड योगमा धारण गर्नुपर्छ। तर ७ या ८ रत्ती लगाउनु हुँदैन।

मंगलको जप पूजा दानः **धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम्। कुमारं शक्तिहस्तं तं मंगलं प्रणमाम्यहम्॥** दक्षिण-दिशा, त्रिकोण-मंडल, अंगुल-३, उज्जैन-देश, भरद्वाज-गोत्र, मेष एवं वृश्चिक राशिको स्वामि, वाहन-भेडा, होम गर्ने समिधा-खयर। **दान गर्ने-वस्तुहरु** मुँगा, सुन, तामा, मुसुरो, चाकु, घ्यू, रातो चन्दन, रातो करविरको फूल, रातो कपडा रातो बाच्छो, केशरी र कस्तुरी हुन्। **दान गर्ने समयः** सूर्योदय पछिको १ घण्ट भित्रमा। जपमन्त्रः ॐ हुँ श्रीं भौमाय नमः। जपसंख्या १० हजार र गणेशजीको पूज गर्ने। मंगलको दशा शान्तिको लागि मुँगा ८ रत्तीको सुनको अंगुठीमा दाहिने हातक साहिली औंलामा मंगलबार, अनुराधा नक्षत्र भएको दिनमा धारण गर्नु पर्छ। तर ५ य १४ रत्तीको मुँगा लगाउनु हुँदैन।

बुधको जप पूजा दानः **प्रियङ्गुकलिकाश्यामं रुपेणाप्रति बुधम्। सौम्यं सौम्यगुणोपेतं तं बुधे प्रणमाम्यहम्॥** ईशान-कोण, वाणाकार-मंडल, अंगु ४ मगध देश, अत्रि गोत्र, हरियो वर्ण, मिथुन तथा कन्या राशिको स्वामी, बाहन सिं होम गर्ने समिधा-अपामार्ग। **दान गर्ने वस्तुहरुः** मुङ, घ्यू, काँशको भाँडा, हरियो कपडा कालो बाच्छो, हात्तीको दाँत, सबै किसिमका फूल, कपूर, कस्तुरी र शंख हुन्। दा **गर्ने समयः** सूर्योदय पछि ५ घडी भित्रमा। **जपमन्त्रः** **ॐ ऐं स्त्री श्रीं** बुधाय नमः

जपसंख्याः ८ हजार र विष्णु देवको पूजा गर्ने । बुधको दशा शान्तिको लागि पन्ना ३ वा ६ रत्तीको सुनको अंगुठीमा बुधबार उत्तरफाल्गुनी नक्षत्रमा धारण गर्नुपर्छ । **बृहस्पतिको जप पूजा दानः** **देवानां च ऋषिणां च गुरुकाञ्चनसन्निभम् । बुद्धिभुतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ॥** उत्तर-दिशा, दीर्घ चतुरस्र-मंडल, अंगुल-६, सिन्धु- देश, अंगिरा-गोत्र, पहेंलो-वर्ण, धनु एवं मीन राशिको-स्वामी, बाहन-हात्ती, होम गर्ने समिधा-पिपल । **दान गर्ने वस्तुहरुः** पुष्पराज (पन्ना), काँशको भाँडा, घ्यू, चनाको दाल, पहेंलो कपडा, बेसार (हलेदो), धान, पहेंलो फूल, पहेंलो फल, सुन, घोडा र पुस्तक हुन् । **दान गर्ने समयः** सन्ध्याकाल । **जपमन्त्रः ॐ ऐं क्लीं वृहस्पतये नमः । जप संख्याः** १९ हजार । आफ्नो कूल देवताको पूजा गर्ने । वृहस्पतिको शान्तिको लागि पुष्पराज ९ रत्तीको सुन वा चाँदीको अंगुठीमा वृहस्पत्तिबार तिष्य नक्षत्र योगमा धारण गर्नुपर्छ । तर ६, ११ र १५ रत्ती लगाउनु हुँदैन । **शुक्रको जप पूजा दानः** **हिमकुन्द-मृणालाभं दैत्यानां परम गुरुम् । सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ॥** पूर्व-दिशा, षटकोण-मंडल, अंगुल-९, भोजकट-देश, भार्गव-गोत्र,सेतो-वर्ण, वृष एवं तुला राशिको-स्वामि, बाहन-घोडा, होम गर्ने समिधा डुम्री । **दान गर्ने वस्तुहरुः** हीरा, सुन, चाँदी, चामल, श्रीखण्ड, मिश्री, सेती गाई, सेतो घोडा, सेतो कपडा, दुध, दही, सेतो फूल र सुगन्ध हुन् । **दान गर्ने समयः** सूर्योदय काल । **जपमन्त्रः ॐ ह्रीं श्रीं शुक्राय नमः । जपसंख्याः** ११ हजार र ईन्द्रायणीको पूजा गर्ने । शुक्रको दशा शान्तिको लागि हिरा २ या ७ रत्तीको सुन वा चाँदीको अंगुठीमा शुक्रबार, मृगशीरा नक्षत्रमा धारण गर्नुपर्छ । **शनिको जप पूजा दानः** **नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम् । छायामार्तण्डसम्भूतं तं नमामि शनैश्चरम् ॥** पश्चिम दिशा धनुषाकार-मंडल, अंगुल-२, सौराष्ठ (गुजरात)- देश, कश्यप-गोत्र, कालो वर्ण, मकर एवं कुम्भ राशिको स्वामि, वाहन-गिद्ध, होम गर्ने समिधा-शमी । **दान गर्ने वस्तुहरुः** नीलम, सुन, फलाम, भैंसी या राँगो, माष, गहत, कालो कपडा, कालो तील, काली गाई, कालो फूल, माटोको भुड्कोमा तेल, फलफूल र कस्तुरी हुन् । **दानगर्ने समयः** मध्यान्हकाल । **जपमन्त्रः ॐ ह्रीं श्रीं शनैश्चराय नमः ।** **जपसंख्याः** २३ हजार । देवी भगवती र पीपलको पूजा गर्ने । शनिको दशा शान्तिको लागि नीलम ३, ६, ७ वा १० रत्तीको सुन या चाँदीको अंगुठीमा श्रवण नक्षत्रमा शनिबार धारण गर्नुपर्छ । **राहुको जप पूजा दानः** **अर्धकायं महावीर्य चन्द्रादित्यविमर्दनम् । सिंहिकागर्भसम्भूतं तं राहुं प्रणमाम्यहम् ॥** नैऋत्य-कोण, सूर्याकार-मंडल, अंगुल-१२, राठीनापुर (मलय) देश, पैठीनस-गोत्र, कालो-वर्ण, वाहन-व्याघ्र, होम गर्ने समिधा-दूबो । **दान गर्ने वस्तुहरुः** गोमेद, सुन, सीसा, कालो तिल, सरसिउँको तेल, कालो कपडा, कालो फूल, तरवार या फलामको हतियार, कम्बल र घोडा हुन् । **दान गर्ने समयः** रात्रि । **जपमन्त्रः ॐ ऐं ह्रीं राहवे नमः । जपसंख्याः** १८ हजार र भैरवको पूजा गर्ने । राहुको दशा शान्तिको लागि गोमेद ६ रत्तीको सुन वा चाँदीको अंगुठीमा उत्तरफाल्गुणी नक्षत्रमा बुधबार धारण गर्नुपर्छ । तर ७, १० या १६ रत्ती कहिल्यै लगाउनु हुँदैन । **केतुको जप पूजा दानः** **पलाश-पुष्प-संकाशं तारका ग्रहमस्तकम् । रौद्र रोद्रात्मक घोरं तं केतुं प्रणमाम्यहम् ॥** वायव्य कोणध्वजाकार-मंडल, अंगुल-६, अन्तर्वेदी (कुश)-देश, जैमिनी-गोत्र, धूम्र-वर्ण, वाहन-परेवा, होम गर्ने समिधा-कुश । **दान गर्ने वस्तुहरुः** वैदुर्यमणि, सुन, फलाम, कालो तिल, फुस्रो रंगको कपडा, बोको, फलामे भाँडा, नून, फुस्रो रंगको फूल, हतियार, कम्बल, नरिवल, सप्तधान्य र कस्तुरी हुन् । **दान गर्ने समयः** रात्रि । **जपमन्त्रः ॐ ऐं ह्रीं केतवे नमः । जप संख्याः** ७ हजार । भैरवको पूजा गर्ने । केतुको दशा शान्तिको लागि वैदुर्यमणि ३ वा ६ रत्तिको सुन या चाँदीको अंगुठीमा तिष्य नक्षत्र, वृहस्पत्तिबार धारण गर्नुपर्छ । २, ४, ११ र १३ रत्ति लगाउनु हुँदैन ।

वारादिमा कार्य भेद वाण चक्रः

१	१०	१९	२८	दिन अमृत रात्री मृत्यु वाण
२	११	२०	२९	दिन मृत्यु रात्री अग्नी वाण
३	१२	२१	३०	दिन अग्नी रात्री अमृत वाण
४	१३	२२	३१	दिन अमृत रात्री राज वाण
५	१४	२३	३२	दिन राज रात्री अमृत वाण
६	१५	२४	०	दिन अमृत रात्री चौर वाण
७	१६	२५	०	दिन चौर रात्री अमृत वाण
८	१७	२६	०	दिन अमृत रात्री रोग वाण
९	१८	२७	०	दिन रोग रात्री अमृत वाण

बार भेदले वाण चक्रः

रवि	व्रतबन्ध रोग वाण
भौम	गृहकार्य अग्नी
भौम	यात्रा चौर वाण
बुध	विवाह मृत्यु वाण
शनि	राज सेवा राज

वाण चक्र विचार गर्दा त्यो महिनाको संक्रान्ति काल देखि ३० घटी सम्म दिन र उप्रान्त ३० घटी रात्री हुन्छ। त्यस्तै संक्रान्ति काल पहिला ३० घटी पहिलो दिनको रात्री हुन्छ। यसैगरी वाणचक्र कोष्ठमा हेरी गते र बार भेदको पञ्चक फल प्रयोग गर्नु।

सप्तशलाका चक्र

कृ. रो. मृ. आ. पु. ति. श्ले.
भ. अ. रे. उभा पूभा. श. ध.
म. पूफा. उफा. ह. चि. स्वा. वि.
श्र. अ. उषा. पूषा. मू. ज्ये. ऽनु

पंचशलाका चक्र

कृ. रो. मृ. आ. पु. ति. श्ले.
भ. अ. रे. उ. पू. श. ध.
म. पू. उ. ह. चि. स्वा. वि.
श्र. अ. उ. पू. मू. ज्ये. ऽनु

साढेसाति तथा अढैया शनि

यस वर्षको वैशाख ५ गतेदेखि आश्विन २० गतेसम्म र पौष १९ गतेदेखि उप्रान्त यो वर्षभर शनि ग्रह मीन राशीमा रहनेछन्। अतः मीन राशीलाई मध्ये मेष राशीलाई आद्य र कुंभ राशीलाई अन्त्य साढेसाती दशा रहनेछ। त्यसैगरी सिंह र धनु राशीलाई अढैया शनि दशा रहनेछ। शनि आश्विन २१ गते बक्रभई पौष २७ गतेसम्म कुंभ राशीमा रहने हुँदा सो अवधिको लागि मकर राशीलाई आद्य, कुंभ राशीलाई मध्ये र मीन राशीलाई अन्त्य साढेसाती दशा र कर्कट तथा वृश्चिक राशीलाई अढैया शनि दशा रहनेछ। यो दशा हुनेहरूको जन्म कुण्डलीमा शनि ३।६।११ औं स्थानमा भएमा शुभ फल दिने अन्यथा पीँडा र दुःख कारक हुन्छ। यो दशा हुनेहरुले जोखिमपूर्ण कार्यमा हातै नहाल्नु वेश हुन्छ। आत्मविश्वास र मनोवल कायम गरी दैनिक जप, पूजा र ग्रहदान गर्नुका साथै पिपलमा (शनिबार पुरुषले छोएर, अरु बारमा र सबैले अलग्गै) जल चढाउनू, शान्ति प्राप्त हुन्छ कुसंगत र कुलतबाट टाढा रहनाले राम्रो हुन्छ। नत्र शनिले दुःखद अवस्था निम्त्याउन सक्छ। शनि ग्रह तीन रुपमा परिणत भएको हुन्छ। जब शनि देवले सम्मान दिने अवस्था आउँछ तब विष्णुरूप धारण हुन्छ। पालनाको अवस्थामा ग्रहको रूप हुन्छ। दण्डदिने अवस्थामा यम रूप हुन्छ।

शनिस्त्रोत्रम्: नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोऽस्तुते। नमस्ते विभुरुपाय कृष्णाय च नमोऽस्तुते ॥ नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च ॥ नमस्ते यमसंज्ञाय शनैश्चर नमोऽस्तुते ॥ प्रसादं कुरु देवेश ! दीनस्य प्रणतस्य च ॥ इति शनिस्तोत्रम् ॥ साढेसातीको दशा र अढैया दशा हुनेले नित्यपाठ गरी **पीपलमा जल चढाउने मन्त्र-मूलतो ब्रह्मरुपाय मध्यतो विष्णुरुपिणे। य इदं पठते भक्त्या नरोऽश्वत्थस्य सन्निधौ** ॥ विनाशं प्रहदोषान् स सर्वान् कामानुवाप्नुयात् ॥ इति शनिस्तोत्रम् ॥

राशीफल हेर्ने तरिका

राशीफल भनेको एक वर्षभरीको गोचर ग्रहहरूको बाह्र राशीमा पर्ने प्रभाव हो। विश्वको जनसंख्या करिव ७ अर्ब रहेको छ। सात अर्ब जनसंख्याको राशी १२ मात्र छन्। करिव ५८ करोड मानिसहरूको एउटै राशी हुन्छ। त्यसैले राशीफलमा ती सवै मानिसहरूलाई एउटै प्रभाव पर्ने उल्लेख गर्नुपर्ने हुन्छ। तर पूर्वजन्मको कर्मफल, परिस्थिति (आनुवंशिकता-बाबु आमाको कूल र गुण) र स्थानको पर्यावरणले प्रत्येक व्यक्तिको चरित्र निर्माण हुन्छ र उसमा गोचर ग्रहको प्रभाव फरक फरक रूपमा पर्छ। यस वास्तविकतालाई मनन गर्दा राशीफल मोटामोटी रूपमा मात्र लागू हुन्छ। राशीफलमा लेखिएका कुरा लागू हुने वा नहुने जन्मकुण्डलीका ग्रहको प्रभावले निर्धारण गर्ने भएको हुनाले कुण्डली हेरर मात्र राशीफल हेर्नु उपयुक्त हुन्छ। तसर्थ तपाइको कुण्डली चिना देखाएर मात्र राशीफल निराकरण गर्नुहोला।

वि.सं. २०८२ सालको मेषादी राशिको गोचर राशिफल



मेष
(चू, चे, चो, ला, ली, लू, ले, लो, अ)

मेष : यस वर्ष मेष राशीको गोचर ग्रहहरूको प्रभाव राम्रो हुँदा भाग्यको उदय हुने, मनोवल वृद्धि हुने र आफन्तजनहरूबाट सहयोग प्राप्त हुनेछ। कृषक, पशुपालक, व्यावसायीलई केही सफलता प्राप्त हुनेछ । हर्ष र उत्साहमा बृद्धि हुनेछ । विद्यार्थिको पढाइको परिश्रम अनुसार फलप्राप्ति हुनसक्ला वर्षको मध्य भागमा प्रतिस्पर्धामा नकारात्मक रूपमा अरूलाई गिराउने प्रवृत्ति हावी हुनसक्ला । वैशाख ५ गतेदेखि मध्य साढेसाति शनि दशा रहने भएकोले झुट्टा आरोप लाग्न सक्ने, थालनी गरेका कार्यमा विलम्ब हुने, मानसम्मानमा गिरावट आउने र मनमा अशान्ति आउन सक्नेछ। भोजनगर्दा विशेष ख्याल गर्नुहोला, जथाभावी खानपिनले स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ। खाद्य विशाक्तता हुनसक्छ। भाइबन्धुमा क्लेश, पशुचौपाया वा सवारी वाहनादिबाट सचेत रहनुहोला । वैदेशिक रोजगारीमा रहेकाहरू सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुहोला । विदेश जानेहरू कानूनी विधिपूर्वक जानुहोला । गैरकानूनी बाटोबाट विदेश गएमा निश्चय फसिने योगछ। खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कामबाट टाढै रहनुहोला । मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि टाढै रहनु होला। त्यस्ता खराव वृत्तिहरूमा फसी कानूनी र पारिवारिक झमेलामा पर्नसक्ने योग छ। सत्मार्गमा लाग्नु नै श्रेयस्कर छ।




वृष
(ई, उ, ए, ओ, बा, बी, बू, बे, बो)

वृष : यस वर्ष वृष राशीको गोचर ग्रहहरूको प्रभाव सकारात्मक छ । उमेर अनुसार प्राप्त गर्नुपर्ने वस्तु र उपलब्धि हासिल हुनेछ। सोचेका कार्यहरूमा परिश्रम गरेमा सहजै सफलता मिल्नेछ। वाक्पटुता अभिवृद्धि हुनेछ। आय आर्जन र आर्थिक क्रियाकलाप सञ्चालन गरेमा सफलता मिल्नेछ। आफ्नो परिश्रम र मेहनतका कारण भाग्यको उदय हुने, मनोवल वृद्धि हुने र आफन्तजनहरूबाट सहयोग हुने वखत आएको छ। समय वेकारमा खेर नफाल्नुहोला । कुनै न कुनै इलममा लागेमा सफल भइनेछ। रोजगारीका लागि विदेश जाँदै हुनुहुन्छ भने कानूनी विधि पुऱ्याएर मात्र जानुहोला । वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुहोला, सफलता मिल्नेछ। गैरकानूनी बाटोबाट गएमा ठूलो क्षति व्यहोर्नु पर्नेछ । विद्यार्थिको पढाइको परिश्रम अनुसार फलप्राप्ति हुनसक्ला। खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कामबाट टाढै रहनुहोला । मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि टाढै रहनुहोला । अन्यथा झमेलामा पर्नसक्ने योग छ। आफ्नो कुण्डलीलाई ज्योतिष विज्ञलाई देखाई कुण्डलीका ग्रह निराकरण गरी शान्ति, ग्रह दान जप गर्नाले अरिष्ट ग्रह शान्ति भई शुभ फल मिल्नेछ।



मिथुन
(का, की, कू, घ, ङ, छ, के, को, हा)

मिथुन : यस वर्ष मिथुन राशीको गोचर ग्रहहरूको प्रभाव वर्षको पहिलो चार महिना र अन्तीम चार महिना मध्यम खालको र विचको चार महिना (भाद्र,आश्विन,कार्त्तिक र मंसिर) सकारात्मक छ। विचको चार महिनामा सोचेका कार्यहरूमा परिश्रम गरेमा सहजै सफलता मिल्नेछ। उमेर अनुसार प्राप्त गर्नुपर्ने वस्तु र उपलब्धि हासिल हुनेछ। विद्यार्थिको पढाइको परिश्रम अनुसार फलप्राप्ति हुनसक्ला। प्रेम सफल हुनेछ। आय आर्जन र आर्थिक क्रियाकलाप सञ्चालन गरेमा उपलब्धि मिल्नेछ। चमत्कारिक रूपमा भाग्यको उदय हुने, मनोवल वृद्धि हुने र आफन्तजनहरूबाट सहयोग हुनेछ। बाँकी आठ महिनामा कुनै पनि कार्य सतर्क रहेर गर्नुहोला। रोजगारीका लागि विदेश जानेले कानूनी विधि पुऱ्याएर जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुहोला। खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कामबाट टाढै रहनुहोला । मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि टाढै रहनुहोला । अन्यथा झमेलामा पर्नसक्ने योग छ। धैर्य, इमान्दारी र सदाचारिता अवलम्वन गर्ने स्त्रीपुरूषका लागि यो वर्ष फलदायक छ।



कर्कट

(ही, हू, हे, हो, डा, डी, डू, डे, डो)

कर्कट: यस वर्ष कर्कट राशीको गोचर ग्रहहरूको प्रभाव नकारात्मक छ। यदि जन्मकुण्डलीमा ग्रहदृष्टि र अन्तरदशा शुभ भएमा मात्र सोचेका कार्यहरूमा परिश्रम गरेमा सहजै सफलता मिल्नेछ अन्यथा कडा परिश्रममा सानो उपलब्धि मिल्नेछ। उमेर अनुसार प्राप्त गर्नुपर्ने वस्तु र उपलब्धि हासिल हुन कठिनाई पर्नेछ। विद्यार्थिको पढाइको परिश्रम अनुसार फलप्राप्तिमा असहजता आउन सक्छ। प्रेम सम्बन्धहरू असफल हुने संभावना भएकोले धेरै सतर्क रहेर इमान्दारीपूर्वक व्यवहार गर्नुपर्नेछ। आय आर्जनका लागि ठूलो परिश्रम र विवेक प्रयोग गरी क्रियाकलाप सञ्चालन गरेमा मात्र उपलब्धि मिल्नेछ। नजिकको व्यक्तिवाट विश्वासघात हुने, आफ्नो काम कार्यमा बाधा अवरोधकहरू धेरै हुने, मनोवल ह्रास गर्ने र आफन्तजनहरूबाट असहयोग हुनेछ। रोजगारीका लागि विदेश जानेले कानूनी विधि पुऱ्याएर जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुहोला। खराव समय छ। खराव लत भएका मानिस, कानून विपरीत र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि एकदम टाढै रहनुहोला। झमेलामा पर्नसक्ने योग छ। होसियारी र समयलई ध्यान दिएर इमान्दारीपूर्वक सत्कार्य गर्नुहोला। प्रतिस्पर्धामा अरूलाई र हिंसाजन्य कार्यले ठूलो क्षति व्यहोर्नुपर्ने हुनसक्ला।



सिंह

(मा, मी, मू, मे, मो, टा, टी, टू, टे)

सिंह : यस वर्ष सिंह राशीको गोचर ग्रहहरू मध्ये वृहस्पतिको प्रभाव सकारात्मक छ। वृहस्पतिको प्रभावले उमेर अनुसार परिश्रम बमोजिम प्राप्त गर्नुपर्ने वस्तु र उपलब्धि हासिल हुनेछन्। विद्यार्थिको पढाइको परिश्रम अनुसार नतिजा प्राप्तिमा सहजता होला। इमान्दारीपूर्वक स्थापन र व्यवहार गरिएका प्रेम सम्बन्धहरू सफल हुनेछन्। यस राशीलाई यस वर्ष अढैया शनिको नकारात्मक प्रभाव पर्नेछ। नजिकको व्यक्तिवाट विश्वासघात हुने, काम कार्यमा बाधा अवरोधहरू आउने र विलम्ब हुने, असफलता तर्फ उन्मुख हुने, मनोवल ह्रास गर्ने र आफन्तजनहरूबाट असहयोग हुनेछ। रोजगारीका लागि विदेश जानेले कानूनी विधि पुऱ्याएर धेरै सोचविचार गरेर मात्र जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुपर्नेछ। खराव लत भएका मानिस, कानून विपरीत र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि एकदम टाढै रहनुहोला। जन्म कुण्डलीमा राम्रो स्थानमा भएकोमा बाहेक अढैया शनिको कारणले दुष्प्रभावी समय हुनाले होसियारी र समयलई ध्यान दिएर इमान्दारीपूर्वक सत्कार्य गर्दै सत्मार्गमा लाग्नुहोला। अढैया शनिका कारण मनमा ठूलो अशान्ति हुने हुँदा शनिको दान जप गर्नाले शान्ति प्राप्त होला।



कन्या

(टो, प, पी, पू, ष, ण, ठ, पे, पो)

कन्या : यस वर्ष कन्या राशीको गोचर ग्रहहरूको प्रभाव सकारात्मक छ। माता, पिता, सन्तति, स्त्री वा बन्धुबान्धव सँगको सम्बन्ध राम्रो रहनेछ। इमान्दारीपूर्वक गरिएका प्रेम सम्बन्धहरू सफल हुनेछन्। उमेर अनुसार प्राप्त गर्नुपर्ने वस्तु र उपलब्धि परिश्रम गरेमा सहजै हासिल हुनेछन्। विद्यार्थिको परिश्रम अनुसार नतिजा प्राप्तिमा सहजता मिल्ला। शत्रु नाश हुने, नवीन कार्यमा हातहाल्ने र सफलता समेत मिल्न सक्नेछ। वर्षको मध्यभागमा केही उतारचढाव आउने छ। गोचर ग्रहको सकारात्मक दृष्टि भए तापनि काम कार्य गर्दा ध्यान दिन भने जरूरी छ। भाग्यमा छ भन्दैमा मेहनत र सत्कार्य विना केही गरी पनि नतिजा प्राप्त हुन सक्दैन। अत: इमान्दारिता, लगनशीलता, धैर्यता र परिश्रम विना भाग्यले आफै दिन्छ भनी कदापि सोच्नु हुँदैन। यदि तपाईं रोजगारीका लागि विदेश जाने हो भने कानूनी विधि पुऱ्याएर धेरै सोचविचार गरेर मात्र जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुपर्नेछ। खराव लत भएका मानिस, कानून विपरीत र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि एकदम टाढै रहनुहोला। जन्म कुण्डलीमा राम्रो स्थानमा नभएमा गोचर ग्रहको कारणले मात्र शुभफल प्राप्ति हुन नसक्ने हुँदा जन्मकुण्डली देखाएर सन्तुष्टी प्राप्त गर्दै सत्मार्गमा लाग्नुहोला।



तुला

(र, री, रु, रे, रो, ता, ती, तू, ते)

तुला : यस वर्ष तुला राशीको गोचर ग्रहहरूको प्रभाव सकारात्मक नै छ। कर्म अनुसारको फल सहजै प्राप्त हुन सक्नेछ। इमान्दारीपूर्वक गरिएका प्रेम सम्बन्धहरू सफल हुनेछन्। उमेर अनुसार प्राप्त गर्नुपर्ने वस्तु र उपलब्धि परिश्रम गरेमा सहजै हासिल हुनेछन्। विद्यार्थिहरूले परिश्रम गरेमा नतिजा अवस्य प्राप्त हुनेछ। नवीन कार्यमा सफलता मिल्न सक्नेछ। धार्मिक कृत्य, सत्कार्य र सत्मार्गमा लाग्न कसैबाट प्रेरणा प्राप्त होला। व्यापारी, व्यावसायी र उद्योगीहरूलाई मेहनत र लगानी अनुसारको सफलता प्राप्त हुनेछ। गोचर ग्रहको सकारात्मक दृष्टि भए तापनि काम कार्य गर्दा ध्यान दिन भने जरूरी छ। भाग्यमा छ भन्दैमा मेहनत र सत्कार्य विना केही गरी पनि नतिजा प्राप्त हुनसक्दैन्। अत इमान्दारिता, लगनशीलता, धैर्यता र परिश्रम विना भाग्यले आफै दिन्छ भनी कदापि सोच्नु हुँदैन। रोजगारीका लागि विदेश जानेले कानूनी विधि पुऱ्याएर धेरै सोचविचार गरेर मात्र जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुपर्नेछ। जन्म कुण्डलीमा राम्रो स्थानमा नभएमा गोचर ग्रहको कारणले मात्र शुभफल प्राप्ति हुन नसक्ने हुँदा जन्मकुण्डली देखाएर सन्तुष्टी प्राप्त गर्दै सत्मार्गमा लाग्नुहोला। खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि एकदम टाढै रहनुहोला। फँस्नसक्ने योग छ।



वृश्चिक

(तो, ना, नी, नू, ने, नो, या, यी, यू)


वृश्चिक : यस वर्ष वृश्चिक राशीको गोचर ग्रहहरूको प्रभाव पूर्वार्द्धमा केही नकारात्मक र उत्तरार्धमा केही सकारात्मक छ। वर्ष सामान्य छ। नवीन कार्य गर्दा विचार पुऱ्याउनु पर्नेछ। विद्यार्थिले पढाईमा मेहनत गरेअनुसारको फल प्राप्त हुनेछ। व्यापारी, उद्योगीले आफ्नो लगानी र परिश्रम अनुसारको नाफा कमाउन सक्नेछन्। कृषकले कृषिमा सन्तोष प्राप्त गर्लान्। श्रमिक र नोकरी गर्नेले समयमा नै आफ्नो पारिश्रमिक प्राप्त गर्नसक्नेछन्। प्रेम र सद्भावको अभिवृद्धि होला। तर जन्म कुण्डलीका ग्रहले मुख्य फल दिने हुँदा जन्म कुण्डली विचार गरेर काम कार्य गर्नुहोला। काम कार्य गर्दा ध्यान दिन जरूरी छ। इमान्दारिता, लगनशीलता, धैर्यता राखी धेरै परिश्रम गर्नुपर्नेछ। जन्म कुण्डलीमा ग्रहहरू राम्रो स्थानमा नभएमा अशुभफल प्राप्ति हुने हुँदा जन्मकुण्डली देखाएर सन्तुष्टी प्राप्त गर्दै सत्मार्गमा लाग्नुहोला। रोजगारीका लागि विदेश जानेले कानूनी विधि पुऱ्याएर धेरै सोचविचार गरेर मात्र जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुपर्नेछ। खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि टाढै रहनुहोला। अढैया शनिका कारण मनमा ठूलो अशान्ति हुने हुँदा शनिको दान जप गर्नाले शान्ति प्राप्त होला।



धनु

(य, यो, भा, भी, भू, ध, फ, ढ, भे)

धनु : यस वर्ष धनु राशीको गोचर ग्रहहरूको दृष्टि हेर्दा अढैया शनिको नकारात्मक प्रभाव पर्नेछ। नजिकको व्यक्तिवाट विश्वासघात हुने, काम कार्यमा बाधा अवरोधहरू आउने र विलम्ब हुने, असफलता तर्फ उन्मुख हुने, मनोवल ह्रास गर्ने र आफन्तजनहरू बाट असहयोग हुनेछ। झुट्टा आरोप लाग्न सक्ने, रोग व्याधिको प्रकोप हुनसक्ने, अनावश्यक दुःख र हैरानी व्यहोर्नुपर्ने हुनसक्छ। त्यसैले काम कार्य गर्दा ध्यान दिन जरूरी छ। इमान्दारिता, लगनशीलता, धैर्यता राखी धेरै परिश्रम गर्नुपर्ने छ। जन्म कुण्डलीमा शनि राम्रो स्थानमा नभएमा अशुभफल प्राप्ति हुने हुँदा जन्मकुण्डली देखाएर सन्तुष्टी प्राप्त गर्दै सत्मार्गमा लाग्नुहोला। रोजगारीका लागि विदेश जानेले कानूनी विधि पुऱ्याएर धेरै सोचविचार गरेर मात्र जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुपर्नेछ। खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि टाढै रहनुहोला। अढैया शनिका कारण मनमा ठूलो अशान्ति हुने हुँदा शनिको दान जप गर्नाले शान्ति प्राप्त होला।



मकर

(भो, जा, जी, खी, खू, खे, खो, गा, गी, जू, जे, जो, ख)

मकर: यस वर्ष मकर राशीको गोचर ग्रहहरूको दृष्टि हेर्दा वैशाख ५ गते सम्म र आश्विन २१ देखि पौष २७ सम्म अढैया शनिको नकारात्मक प्रभाव पर्नेछ । वर्षको मध्य भागम वृहस्पति सप्तम स्थानबाट हेर्ने र शनि ग्रह समेत त्रिकोणम हुँदा सकारात्मक फल बढी प्राप्त हुनेछ भने केही हदसम्म नकारात्मक फल समेत प्राप्त हुनेछ । सकारात्मक फलमा सुरूवात गरेका कामहरू पूर्ण हुने, आर्थिक उन्नति, वस्त्रलाभ, नयाँ नातेदारको आगमन, स्वस्थ र आरोग्यता, यश, वैभव र कृति हासिल हुनेछ । शुभ कार्यमा लगानी, यात्रा सफल, सन्तान लाभ, उमेर अनुसार प्राप्त गर्नुपर्ने उपलब्धि हासिल हुनेछन् । नकारात्मक फलमा नजिकको व्यक्तिवाट विश्वासघात हुने, काम कार्यमा बाधा अवरोधहरू आउने र विलम्ब हुने, असफलता तर्फ उन्मुख हुने, मनोवल ह्रास गर्ने, झुट्टा आरोप लाग्न सक्ने, अनावश्यक दुःख र हैरानी व्यहोर्नुपर्ने हुनसक्छ । जन्म कुण्डलीमा शनि राम्रो स्थानमा नभएमा अशुभफल प्राप्ति हुने हुँदा जन्मकुण्डली देखाएर सन्तुष्टी प्राप्त गर्दै सत्मार्गमा लाग्नुहोला । खराव लत भएका मानिस, कानून र सामाजिक मान्यता विपरीतका कार्य र मदिरा, लागू औषध सेवन, जुवातास, सट्टेवाजी र खरावकर्म देखि टाढै रहनुहोला । वैदेशिक रोजगारीमा जानेले कानूनी विधि पुऱ्याएर धेरै सोचविचार गरेर मात्र जाने र वैदेशिक रोजगारीमा रहेकाहरूले सतर्क भएर इमान्दारीपूर्वक काम गर्नुपर्नेछ । अढैया शनिका कारण मनमा ठूलो अशान्ति हुने हुँदा शनिको दान जप गर्नाले शान्ति प्राप्त होला ।



कुम्भ

(गू, गे, गो, सा, सी, सु, से, सो, दा)

